# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०७।२४ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

---

जिल्ला प्राविधिक कार्यालय कन्चनपुरका कार्यालय प्रमुख ईन्जिनियर केदार शर्मा र सब-ईन्जिनियर डण्डीराज पाण्डेले निर्माण ब्यबसायीबाट सडक निर्माण ठेक्का सम्झौता बापत तथा अन्य सडकहरुको रनिङ्ग बिल भूक्तानी गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कन्चनपुरबाट खटिइ गएको टोलीले निजहरुलाई रु.६,००,०००/-(छ लाख) घुस/रिसवत लिएको अवस्थामा जिल्ला कन्चनपुर भिमदत्त नगरपालिका वडा नं. ४ स्थित निज ईन्जिनियरको सरकारी निवासबाट मिति २०७४/०७/२४ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता